## निर्णयहरुः

**निर्णय नं.१**

भीमफेदी गाउँपालिका वडा नं. ६ मा निर्माणाधीन १५ शैयाको प्राथमिक अस्पताल भवन निर्माण आयोजना कार्यान्वयनमा देखिएका प्राविधिक एवं नीतीगत समस्या सहजिकरणको तथा आवश्यक राय परामर्शको लागि नेपाल सरकार , पुर्बाधार विकास मन्त्रालयमा अनुरोध गर्ने ।

**निर्णय नं.२**

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६० को उपदफा (२) र यस भीमफेदी गाउँपालिकाबाट स्वीकृत बाल अधिकार समिति गठन कार्याविधि, २०८१ अनुसार यस गाउँपालिकामा बालअधिकार सम्बन्धी कार्यलाई प्रभावकारी रुपमा सन्चालन गर्न तपसिल बमोजिमको स्थानिय बाल अधिकार समिति गठन गर्ने।

**तपसिलः-**

१.भीमफेदी गाउँपालिकाको उपाध्यक्ष -श्री संजिव श्रेष्ठ -संयोजक ।
२. भीमफेदी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत श्री चेतनाथ न्यौपाने-सदस्य।
३. भीमफेदी गाउँपालिकाको सामाजिक विकास समितिको संयोजक श्री प्रकाश पुडासैनी -सदस्य।
४. भीमफेदी गाउँपालिकाको दलित महिला सदस्य श्री बन्दना वस्याल-सदस्य ।
५. भीमफेदी गाउँपालिकाको शिक्षा शाखा प्रमुख श्री चक्र साउद-सदस्य ।
६. भीमफेदी गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख श्री राम नाम थिं -सदस्य।
७. भीमफेदी गाउँपालिकाको बालक्लब सदस्य-श्री -सदस्य।
८. भीमफेदी गाउँपालिकाको बालक्लब सदस्य-श्री -सदस्य।
९. भीमफेदी गाउँपालिकाको दलित महिला सदस्य श्री सुमित्रा वि.क.-सदस्य ।
१०. भीमफेदी गाउँपालिकाको दलित महिला सदस्य श्री गंगा सुनार -सदस्य ।
११.ईलाका प्रहरि कार्यालय भीमफेदीको प्रतिनिधि श्री -सदस्य ।
१२. बालबालिका हेर्ने शाखा प्रमुख -सदस्य सचिव

**निर्णय नं.३**

मिति २०८३ साल भदौ महिनाको १० गते बुधबारको दिन भोटेकोशी नदी र त्रिशुली नदीमा आएको विनाशकारी बाढीको कारण नेपालको उत्तरी भेगमा रहेका जिल्लाहरु रसुवा, नुवाकोट ,धादिङ, गोरखा तथा तनहुँ जिल्लाको नदीतटीय क्षेत्रमा ठुलो भौतिक तथा मानवीय क्षति पुगेकोले तत्काल देहायका जिल्लामा रहेका तपसिलका गाउँपालिकालाई प्रति पालिका राहात स्वरुप तहाँ गाउँपालिकाको खातामा विपद व्यवस्थापन कोष बाट खर्चहुने गरि रु १,००,०००।— (रु एक लाख रुपैया ) राहत उपलब्ध गराउन कार्यालयलाई निर्देशन दिने ।

**देहायः**

| क.सं. | जिल्ला | स्थानीय तह |
|---|---|---|
| १ | रसुवा | उत्तरगया गाउँपालिका<br>गोसाईकुण्ड गाउँपालिका<br>कालिका गाउँपालिका<br>आमाछोदिङमो गाउँपालिका |
| २ | नुवाकोट | किस्पाङ गाउँपालिका |

र यस भीमफेदी गाउँपालिका भित्र बसोबास गर्ने नागरिक रोजगारीको सिलसिलमा उक्त बाढीग्रस्त क्षेत्रमा हराइरहेका तीन जनालाई विपद् राहात वितरण सम्बन्धी मापदण्ड, २०७९ को दफा ५ को उपदफा १को (ख) र सो बाढीको कारण मृत्यु भएका भीमफेदी गाउँपालिका वडा नं २ निवासी सविन राना उमेर २८ को सनाखत भएको हुँदा विपद् राहात वितरण सम्बन्धी मापदण्ड, २०७९ को दफा ५ को उपदफा १को (क) बमोजिम विपद् घटनामा मृत्यु भएका मृतकका परिवारलाई राहात स्वरुप प्रति मृतक रु ३०,०००।(तीस हजार रुपैया मात्र) उपलब्ध गराउन कार्यालयलाई निर्देशन दिने ।

**निर्णय नं.४.**

यस भीमफेदी गाउँपालिका अन्तर्गत स्थानीय राजश्व परामर्श समितिको मिति २०८३/०५/४ गतेका निर्णयहरु अनुमोदन गर्ने ।

**निर्णय नं.५.**

यस गाउँपालिका अन्तर्गत वडा नं. १ देखि ९ सम्मका सम्पूर्ण लाभग्राहीहरुको भत्ता बैङ्किङ प्रणालीमा आधारित कम्प्युटरकृत सरकारी लेखा प्रणाली मार्फत बैंङ्क खातामा रकम जम्मा गर्ने कार्यमा सहजिकरण गर्न “सामाजिक सुरक्षा भत्ता बितरण कार्यविधि”, २०८२ को दफा-३४(१) बमोजिम तपसिल बमोजिमको स्थानीय सहजीकरण समिति निर्माण गर्ने।

तपसिलः-

| | | |
|---|---|---|
| (क) | अध्यक्ष | संयोजक |
| (ख) | उपाध्यक्ष | सदस्य |
| (ग) | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) | लेखा प्रमुख | सदस्य |
| (ङ) | संयोजकले तोकेको वडा अध्यक्ष | सदस्य |
| (च) | स्थानीय तह भित्र भत्ता वितरणको लागि सम्झौता गर्ने बैंकको प्रतिनिधि | सदस्य |
| (छ) | स्थानीय तहको सामाजिक सुरक्षा हेर्ने कर्मचारी | सदस्य सचिव |

उल्लेखित समितिको (ङ) बमोजिमको सदस्यमा संयोजक ज्यूबाट यथासिघ्र तोक्ने र (च) बमोजिमका सदस्यहरुमा हाल भत्ता वितरण गरिरहेका प्रभु बैंक भीमफेदी शाखा प्रमुख र मेघा ईन्भेष्टमेन्ट बैंक हेटौंडा शाखालाई प्रतिनिधि सदस्य तोक्न पत्राचार गर्ने।

**निर्णय नं.६.**

यस भीमफेदी गाउँपालिकाको बजार अनुगमन सम्बन्धी कार्यविधि,२०८३ स्वीकृत गर्ने ।